नेपाल सरकार
गृह मन्त्रालय
# जिल्ला प्रशासन कार्यालय
पाल्पा, तानसेन

☎ ०७५ { ५२०१२३ ५२०१२४ ५२०१२५
फ्याक्स: ०७५-५२०१६९
Email: daopalpa@gmail.com
Website: www.daopalpa.moha.gov.np

च.नं.
प.सं.:२०७७/७८

## जिल्ला प्रशासन कार्यालय पाल्पाको अनुरोध

विश्वब्यापी महामारीको रुपमा देखापरेको कोभिड-१९ तथा यसका नयाँ उत्परिवर्तन (variant) हरु समेतबाट सिंगो मुलुकसंगै पाल्पा जिल्ला पनि प्रभावित भईरहेको अवस्था छ। समग्र जिल्लावासी हरुले स्वास्थ्य मापदण्डको पालना गरेको, स्थानीय सरकारहरुको कोभिड बिरुद्धको सक्रियता, स्वास्थ्यकर्मी हरुको अथक मिहिनेत एबं कडा तथा नरम प्रकृतिको गरि लामो समयको निषेधाज्ञा समेत गरी हाल कोभिड-१९ को संक्रमण स्थिर अवस्थामा रहेको छ। हालसम्म यस जिल्लामा कोभिड-१९ बाट ९६१७ जना संक्रमित भएको, २३० जना सक्रिय संक्रमित रहेको, ३५ जना उपचाररत रहेको र २१७ जनाको दुखद निधन भएको अवस्था छ। दोस्रो लहरको प्रभाव घट्दा नघट्दै कोभिड-१९ को तेस्रो लहर आउने तथा यसबाट बालबालिका प्रभावित हुन सक्ने बिज्ञहरुले बताउदै आएका छन्। कोभिड-१९ को संक्रमण नियन्त्रण तथा व्यवस्थापन तपाई हाम्रो बानी तथा व्यवहारमा निर्भर रहन्छ। साबुन पानीले हात धुने, स्यानीटाइजर प्रयोग गर्ने, अत्यावश्यक नपरी बाहिर ननिस्कने, बाहिर निस्कदा अनिबार्य रुपमा मास्क लगाउने, भिडभाड नगर्ने तथा भिडभाड हुने स्थानमा नजाने गरेमा कोभिड-१९ को संक्रमण बाट बच्न सकिन्छ।

कोभिड-१९ को संक्रमणको सम्भावना कायमै रहेको अवस्थामा हाम्रा चाडपर्व, जात्रा, महोत्सब नजिकै आइपुगेका छन्। केहि दिन भित्रै पाल्पा जिल्लाको ऐतिहासिक भगवतीजात्रा तथा हरितालिका पर्व (तिज) परेका छन् । जिल्ला कोभिड व्यवस्थापन समिति (DCMC) ले भगवतीजात्रा लगायत जात्रा, मेला नगर्ने, पर्व हरुमा भिडभाडजन्य गतिबिधि नगर्ने निर्णय गरिसकेको छ। सोहीअनुसार हालसम्म महामारीमा आम जिल्लाबासीहरुको धैर्यता तथा मापदण्डहरु पालना प्रतिको प्रतिबद्धता प्रशंसनिय छ। स्वास्थ्य नै हाम्रो सबै भन्दा महत्वपूर्ण प्राथमिकता हो। हामी रहे मात्र हाम्रा संस्कृति र सभ्यता भावीपुस्तालाई हस्तान्तरण गर्न सकिन्छ। यसर्थ, स्वास्थ्य मापदण्डको पालना गर्न, तिज लगायतका पर्वहरुमा भिडभाड, नगर्न तथा आफ्नै परिवारभित्र मात्र शुभकामना आदानप्रदान गरी मनाउन तथा कोभिड-१९ संक्रमण नियन्त्रण तथा ब्यबस्थापनमा हातेमालो गर्नुहुन सबै स्थानीय तह, संघसँस्थाहरु, सरकारी तथा गैर सरकारी निकायहरु, नागरिक समाज, राजनीतिक दल तथा संचार जगतलाई हार्दिक अपिल गर्दछौं।

२०७८/५/११
निमित्त प्रमुख जिल्ला अधिकारी